सिद्धार्थ बैंक लिमिटेडका शेयरधनी महानुभावहरुलाई उन्नाइसौं वार्षिक साधारण सभाको सूचना

श्री शेयरधनी महानुभावहरु,

यस बैंकको मिति २०७७ साल पौष १४ गते (तदनुसार २९ डिसेम्बर २०२०) का दिन बसेको सञ्चालक समितिको ३५९औं बैठकको निर्णयानुसार बैंकको उन्नाइसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवम् उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

१. सभा हुने मिति, समय र स्थान

मिति : २०७७ साल माघ १६ गते शुक्रबार (तदअनुसार २९ जनवरी २०२१)
स्थान : आम्रपाली बैंङक्वेट, बालुवाटार, काठमाडौं ।
सभा शुरु हुने समय : बिहान ११:०० बजे
उपस्थिति पुस्तिका बिहान ९:०० बजे देखि नै खुल्ला राखिने छ ।

(कोभिड-१९ महामारीको जोखिमका कारण साधारण सभामा अनलाइन (भर्चुअल) प्रविधि मार्फत समेत सहभागी हुने गरी शेयरधनी महानुभावहरुलाई Meeting को ID तथा Passcode उपलब्ध गराउने व्यवस्था गरिएको छ ।)

छलफलका विषयहरु :

(क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७६/७७ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७६ श्रावण १ देखि २०७७ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.व. २०७६/७७ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७७/७८ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक श्री जि.पी. राजबाहक एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्स पुन: नियुक्त हुन योग्य हुनुहुन्छ ।)
५. बैंकको चुक्ता पूँजी रु. ९,७८,७७,६७,१३८ (अक्षरेपी नौ अर्ब अठहत्तर करोड सतहत्तर लाख सतसठ्ठी हजार एक सय अडतीस रुपैंया मात्र) को ३ प्रतिशतका दरले रु. २९,३६,३३,०१४/- (अक्षरेपी उनान्तीस करोड छत्तीस लाख तेत्तीस हजार चौध रुपैंया मात्र) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।
६. बैंकको नियमावलीको नियम ८ बमोजिम आगामी ४ वर्ष कार्यकालको लागि बैंकको संस्थापक शेयरधनी समुहको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना तथा सर्वसाधारण समुहको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना गरी जम्मा ५ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्ताव

१. बैंकको प्रबन्धपत्रको दफा ५(१) को खण्ड (क) संशोधन गरी बैंकको अधिकृत पूँजी रु. १०,५०,००,००,०००/- (अक्षरेपी दश अर्ब पचास करोड मात्र) बाट रु. १६,००,००,००,०००/- (अक्षरेपी सोह्र अर्ब मात्र) पुर्‍याउने प्रस्ताव पारीत गर्ने ।
२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु. ९,७८,७७,६७,१३८ (अक्षरेपी नौ अर्ब अठहत्तर करोड सतहत्तर लाख सतसठ्ठी हजार एक सय अडतीस रुपैंया मात्र) को १२ प्रतिशतका दरले हुने रु. १,१७,४५,३२,०५७/-(अक्षरेपी एक अर्ब सत्र करोड पैंतालिस लाख बत्तीस हजार सन्ताउन्न रुपैंया मात्र) बराबरको बोनस शेयर जारी गर्ने । साथै, सो अनुसार बोनस शेयर प्रदान गर्दा संस्थापक एवं सर्वसाधारण शेयरधनीको शेयर अनुपात क्रमश: ५१ र ४९ प्रतिशत कायम हुने गरी उपरोक्त अनुसारको बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीले प्राप्त गर्ने नगद लाभांशबाट कट्टा/समायोजन गरी सो भिन्न अंकलाई पूर्ण अंक कायम गरी बोनस शेयर जारी गर्ने तर शेयर अनुपातमा फरक पर्ने भएमा भिन्न अंक (Fraction) यथावत राख्ने र सोका कारण जारी तथा चुक्ता पूँजीमा हेरफेर हुने भएमा सो हद सम्म मिलाई आवश्यक जारी तथा चुक्ता पूँजी कायम गर्न संचालक समितिलाई स्वीकृती प्रदान गर्ने र सो गर्दा समेत भिन्न अंक (Fraction) बाँकी भएमा यथावत राख्ने ।
३. माथि विशेष प्रस्ताव नं. २ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/थप/परिमार्जन गर्ने ।
४. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
५. बैंकले आ.व. २०७६/०७७ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१)(ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।
६. बैंकले बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (Confederation of Banks and Financial Institutions Nepal) को सदस्यता प्राप्त गर्न रु. १०,००,०००/-(अक्षरेपी दश लाख रुपैंया मात्र) सदस्यता शुल्क तथा सदस्यता नवीकरण शुल्क वापत रु. ५,००,०००/-(अक्षरेपी पाँच लाख रुपैया मात्र) भुक्तानी गरेकोमा सो को अनुमोदन गर्ने ।
७. सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबार को मूल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger & Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सो मा हस्ताक्षर गर्ने, लगायत मर्जर तथा एक्वीजिसन सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी संक्षिप्त जानकारी

१. साधारण सभाको प्रयोजनको लागि मिति २०७७ साल पौष २८ गते एक दिनको लागि बैंकको शेयर दाखिल खारेज दर्ता बन्द गरिनेछ । सो दिनभन्दा अघि शेयर बाँडफाँड भई वा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सो दिनभन्दा अघि कारोबार भई बैंकको शेयरधनीदर्ता किताबमा कायम शेयरधनीहरुले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नु हुनेछ ।
२. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन एवं मापदण्डहरुको पूर्ण पालना गर्दै अनलाईन (भर्चुअल) (Zoom) को माध्यमबाट सभामा सहभागी हुने तथा आफ्नो मन्तव्य राख्ने व्यवस्था समेत मिलाइएको हुँदा कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट बच्न र बचाउन यथासक्य अनलाईन (भर्चुअल) (Zoom) माध्यमबाट उपस्थित भैदिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरुमा विशेष अनुरोध छ ।
३. अनलाईन (भर्चुअल) (Zoom) माध्यमबाट उपस्थित भई साधारण सभामा सहभागी हुन तथा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा ४८ घण्टा अगावै आफ्नो परिचय पत्र सहित बैंकले जारी गरेको शेयर प्रमाण पत्र/DEMAT खाता खोलिएको प्रमाणको स्क्यान कपी समावेश गरी ईमेल ठेगाना agm@sbl.com.np मा ईमेल वा ९८४१९९२६७३ मा Whatsapp/Viber गरि पठाउनु पर्नेछ । यसरी प्राप्त भएका ईमेल वा Whatsapp/Viber मा अनलाइन (भर्चुअल) (Zoom) माध्यमबाट सभामा सहभागी हुनका लागि आवश्यक हुने Meeting को ID र Passcode उपलब्ध गराइने छ । यस प्रक्रियाबाट उपस्थित हुनुहुने शेयरधनी महानुभावहरुलाई सभास्थलमा उपस्थित भए सरह मान्यता दिने व्यवस्था गरिएको छ । सभामा आफ्नो लिखित मन्तव्य, राय सुझाव दिन चाहनुहुने महानुभावले माथी उल्लेखित Email मार्फत समेत दिन सकिने व्यवस्था मिलाइएको छ ।
४. सभा शुरु हुनु भन्दा एक घण्टा अगाडीबाट भर्चुअल माध्यम खुल्ला गरिने छ । उक्त एक घण्टाको समयभित्र सभामा सहभागी हुने शेयरधनिहरुले दिइएको ID/Passcode को माध्यमबाट Zoom Login गरी आफ्नो परिचय, डिम्याट खाता नं. र शेयर संख्या सहित उपस्थितिको जानकारी सभालाई दिनु पर्नेछ । शेयरधनीको उपस्थितिबाट प्रचलित ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपुरक संख्या पुरा भए पश्चात सभाको कारवाही अगाडी बढाइने छ ।
५. शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।
६. संयुक्त रुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।
७. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले बैंकको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ ।
८. प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेड नारायणचौर, नक्साल, काठमाण्डौंमा बुझाई सक्नु पर्नेछ ।
९. प्रतिनिधि नियुक्त गरी सो को लागि प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि.,नारायणचौर, नक्साल, काठमाण्डौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सो को सूचना सभा सुरु हुनुभन्दा ४८ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौंमा नै दिनुपर्नेछ ।
१०. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा दफा ९ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ । प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौंमा बुझाई सक्नुपर्नेछ ।
११. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषयबारे सभा हुनुभन्दा ७ दिन अगावै बैंकको हात्तीसार, काठमाण्डौ स्थित प्रधान कार्यालयमा रहेको कम्पनी सचिवको कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।
१२. शेयर प्रमाण-पत्र वा शेयर स्टेटमेण्ट प्राप्त गरी नसक्नु भएका शेयरधनीले यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौंबाट शेयर प्रमाण-पत्र वा आफ्नो हितग्राही खाता रहेको संस्थामा गई स्टेटमेण्ट लिनु पर्नेछ । सभाको दिन सभाकक्षमा शेयर प्रमाण-पत्र वितरण गरिने छैन ।
१३. आफ्नो परिचयपत्र सहित बैंकले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाण पत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाता (DMAT Account) को विवरण (BOID Statement) प्रस्तुत गरेपछि मात्र सभाकक्ष भित्र प्रवेश गर्न पाईनेछ ।
१४. सभाको दिन सभा शुरु हुनु भन्दा पहिले नै उपस्थित भईदिनुहुन हार्दिक अनुरोध गर्दछौं । साथै, शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हुने दिन बिहान ९:०० बजेदेखि हाजिर पुस्तिका खुल्ला रहनेछ । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) को कारण नेपाल सरकारले पालना गर्नुपर्ने भनी तोकिएका सम्पूर्ण सुरक्षात्मक उपायहरु अवलम्बन गरी साधारण सभा संचालन गर्ने प्रबन्ध मिलाइएको छ । सभामा उपस्थित हुँदा २ मिटरको सामाजिक दुरी कायम हुने गरी हाजिरी तथा सभा स्थलमा बस्ने व्यवस्था कायम गरिएको हुँदा भाईरस संक्रमणबाट बच्न बचाउनको लागि आवश्यक पर्ने मास्क, पञ्जा लगायतका न्युनतम सुरक्षाको उपकरणहरु प्रयोग गर्नुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध छ ।
१५. हितग्राही खातामा बैंक खाता अद्यावधिक नगराएका शेयरधनीहरु तथा हाल सम्म पनि आफ्नो शेयर प्रमाणपत्रहरु अभौतिकिकरण (DEMAT) नगराउनु भएका शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र अभौतिकिकरण गराई सो सँगसँगै हितग्राही खातामा बैंक खाता समेत अद्यावधिक गराउनु हुन अनुरोध गर्दछौं । साथै, आफ्नो शेयर धितो राखेका शेयरधनी महानुभावहरुको हकमा समयमा नै आफ्नो नगद लाभांश प्राप्त गर्नको लागि समयमा नै सम्बन्धित बैंक/वित्तीय संस्थाको स्वीकृति पत्र बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेडमा पेश गर्नु हुन समेत अनुरोध छ ।
१६. संचालकको निर्वाचन मतदान प्रकृयाबाट हुने भएमा शेयरधनी स्वयम् उपस्थित भई मतदान प्रकृयामा भाग लिनु पर्ने छ ।
१७. संचालकको निर्वाचन सम्बन्धी तालिका तथा कार्यक्रम बैंकको संचालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७२ बमोजिम निर्वाचन अधिकृतको कार्यालयले बैंकको प्रधान कार्यालयको सुचनापाटीमा र/वा बैकको वेबसाईट www.siddharthabank.com.np मा प्रकाशित गर्नेछ ।
१८. संचालक पदको लागि उम्मेदवार हुन चाहने व्यक्तिले बैंकले जारी गरेको शेयर मध्ये धितो बन्धक लगायत कुनै पनि प्रकारको बन्धक (Encumbrance/Pledge) नरहेको बैंकको प्रबन्ध पत्र तथा नियमावलीमा तोकिए बमोजिमको न्युनतम कित्ता शेयर आफ्नो नाममा ग्रहण गरेको एवं यस बैंकको संचालक निर्वाचन निर्देशिका, २०७२ को दफा ६ बमोजिम प्रकाशित शेयरधनीहरुको मतदाता नामावलीमा नाम दर्ता भएको बैंकको शेयरधनी मात्र संचालक पदको उम्मेदवार हुन सक्नेछ । साथै, संचालक पदको लागि उम्मेदवार हुन चाहने व्यक्ति प्रचलित कम्पनी कानून तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम बैंकको संचालक हुन योग्य हुनुपर्नेछ ।
१९. संचालकको निर्वाचनमा भाग लिन चाहने उम्मेदवारले बैंकको संचालक निर्वाचन निर्देशिका, २०७२ को अनुसूचीमा उल्लेखित ढाँचाको मनोनयन पत्र तथा मनोनयन पत्र दस्तुर रु. ८,०००/- (फिर्ता नहुने) सहित निर्वाचन तालिकामा उल्लेखित मिति भित्रमा निर्वाचन अधिकृत समक्ष व्यक्तिगत रुपमा आफै उपस्थित भई मनोनयन पत्र दाखिला गर्नु पर्नेछ । संस्थाको तर्फबाट उम्मेदवारी दिने व्यक्तिले आधिकारीक पत्र सहित मनोनयन पत्र दाखिला गर्नु पर्नेछ ।

नोट :

१. साधारणसभासँग सम्बन्धित वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन र छलफलका विषयहरु यस बैंकको वेबसाइट www.siddharthabank.com मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।
२. अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, हात्तीसार काठमाण्डौं स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नं. ०१-४४४२९१९/४४४२९२०) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

आर्थिक वर्ष २०७६/७७ को संक्षिप्त आर्थिक विवरण

कम्पनी ऐन, २०६३ को दफा ८४(४) प्रयोजनको निमित्त प्रकाशित विवरण
(यो विवरण बैंकको वार्षिक आर्थिक विवरण र संचालक समितिको प्रतिवेदनको संक्षिप्त स्वरुप मात्र हो ।)

आदरणीय शेयरधनी महानुभावहरु,

सबै शेयरधनी महानुभावहरुलाई संचालक समितिको तर्फबाट बैंकको यस उन्नाइसौं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्दछौं । संचालक समितिको तर्फबाट यहाँहरु समक्ष समितिको वार्षिक प्रतिवेदनका साथै २०७७ आषाढ मसान्तसम्मको बैंकको वित्तीय अवस्थाको विवरण, आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी अनुसूचीहरु, नगद लाभांश तथा बोनस शेयर वितरण लगायतका प्रस्तावका साथै बैंकको विभिन्न क्रियाकलापहरु यस वार्षिक प्रतिवेदन सँगै अनुमोदनको लागि साधारण सभा समक्ष प्रस्तुत गर्दछौं । यहाँ प्रस्तुत विवरण कम्पनी ऐन, २०६३ को दफा ८४(४) को प्रयोजनको निमित्त प्रकाशित संक्षिप्त स्वरुप हो । वार्षिक प्रतिवेदन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन २०६३, तथा नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप तयार गरी प्रस्तुत गरिएको छ । यहाँ प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र संचालकको प्रतिवेदनको संक्षिप्त विवरण हो । यो विवरण कम्पनीको वार्षिक आर्थिक विवरण तथा संचालक समितिको प्रतिवेदन अनुरुप रहेको छ ।

बैंकको आर्थिक वर्ष २०७६/७७ को कारोबारको संक्षिप्त सिंहावलोकन

आर्थिक वर्ष २०७६/७७ मा बैंकले आफ्नो निक्षेप, कर्जा, लगानी, शाखा विस्तार लगायतका क्षेत्रमा सन्तुलित प्रगति गरेको छ । गत दुई आर्थिक वर्षहरुको देहाय बमोजिमका प्रमुख आर्थिक सूचकांकहरुबाट बैंकको अवस्था बुझ्न सहज हुने विश्वास गरिएको छ ।

रु. करोडमा

क्र.सं.	विवरण	आ.व. २०७५/७६	आ.व. २०७६/७७	वृद्धि प्रतिशत
१	चुक्ता पूँजी	८८८.७६	९७८.७७	१०.१३
२	कुल निक्षेप	१२,२५२.७७	१४,५९४.७९	१९.११
३	कुल कर्जा	१०,९८४.४९	१२,९९५.८९	१८.३१
४	कुल लगानी	१,८६५.५८	२,३७६.७९	२७.४०
५	खुद नाफा	२२५.७७	२१४.३६	(५.०५)

समीक्षा अवधीमा बैंकको चुक्ता पूँजी रु. ८.८८ अर्बबाट वृद्धि भई रु. ९.७९ अर्ब पुगेको छ । सोही चुक्ता पूँजीलाई आधार मानी गत आ.व. २०७६/७७ को मुनाफा, पूँजी समायोजन कोष तथा संचित मुनाफाको रकमबाट बैंकले रु. १ अर्ब १७ करोड ४५ लाख ३२ हजार ५७ रुपैंया बराबरको अर्थात १२ प्रतिशत बोनस शेयर तथा रु. २९ करोड ३६ लाख ३३ हजार १४ रुपैंया बराबरको अर्थात ३ प्रतिशत नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशको कर प्रयोजनका लागी समेत) जारी गर्ने प्रस्ताव साधारण सभा समक्ष स्वीकृतिको लागि पेश गरेको छ । सो बोनस शेयरको प्रस्ताव पारित भए पश्चात बैंकको चुक्ता पूँजी रु. १० अर्ब ९६ करोड २२ लाख ९९ हजार १ सय ९९ पुग्नेछ ।

समीक्षा अवधिमा बैंकको निक्षेप रु. १२२.५३ अर्बबाट वृद्धि भई रु. १४५.९५ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा १९.११ प्रतिशतको वृद्धि हो । समीक्षा अवधिमा बैंकको कर्जा रु. १०९.८४ अर्बबाट वृद्धि भई रु. १२९.९५ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा १८.३१ प्रतिशतको वृद्धि हो । समीक्षा अवधिमा बैंकको लगानी रु. १८.६५ अर्बबाट वृद्धि भई रु. २३.७७ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा करिब २७.४० प्रतिशतको वृद्धि हो । समीक्षा अवधिमा बैंकको कुल सम्पत्ति रु. १५१.४० अर्बबाट वृद्धि भई रु. १८२.४७ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा करिब २०.५२ प्रतिशतको वृद्धि हो ।

समीक्षा अवधीमा बैंकको कुल ब्याज आम्दानी रु. १२.९७ अर्बबाट वृद्धि भई रु. १५.४३ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा करिब १८.९६ प्रतिशतको वृद्धि हो । त्यस्तै समीक्षा अवधिमा बैंकको ब्याज खर्च रु. ८.३० अर्बबाट वृद्धि भई करिब रु. ९.८५ अर्ब पुगेको छ । समीक्षा अवधिमा खुद ब्याज आम्दानी रु. ४.६७ अर्बबाट वृद्धि भई रु. ५.५७ अर्ब पुगेको छ, जुन १९.२७ प्रतिशतको वृद्धि हो ।

समीक्षा अवधिमा बैंकको संचालन मुनाफा रु. ३.२८ अर्बबाट संकुचन भई रु. ३.१६ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा ३.६६ प्रतिशतले कम हो । समीक्षा अवधिमा बैंकको खुद नाफा रु. २.२६ अर्बबाट संकुचन भई रु. २.१४ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा ५.०५ प्रतिशतले कम हो ।

समीक्षा अवधिमा बैंकको नेटवर्थ प्रति शेयर रु १६३.५८ रहेको छ, जुन गत आ.व.मा रु. १६९.१२ थियो । समीक्षा अवधिमा बैंकको प्रति शेयर आम्दानी रु. २१.९० रहेको छ ।

समीक्षा अवधिमा बैंकको निष्कृय कर्जा/कुल कर्जा अनुपात १.३८ प्रतिशत रहेको छ, जुन गत आ. व. मा ०.७५ प्रतिशत थियो । समीक्षा अवधिमा बैंकले रु. ३,९२,१८,९७६.६३ बराबरको कर्जा अपलेखन गरेको छ ।

कोभिड महामारीका कारण बैंकको व्यवसाय, संचालन मुनाफा एवं खुद मुनाफामा असर परेको छ । बैंकले निष्कृय कर्जा वापत पर्याप्त मात्रामा जोखिम व्यवस्था गर्नुका साथै निष्कृय कर्जाको असुलीको लागि सक्रिय रुपमा कार्य गरिरहेको छ । विविध प्रतिकुलताका बावजुद पनि चालु आ.व. को आश्विन मसान्त सम्म बैंकको कुल निक्षेप ८.४६० अर्बले वृद्धि भएको छ भने कुल कर्जा सापट रु. ३.९४९ अर्बले वृद्धि भएको छ । यसैगरी चालु आ.व. को आश्विन मसान्त सम्ममा बैंकले रु. ७२.४ करोडको संचालन मुनाफा गरेको छ भने रु. ५०.१ करोड खुद नाफा गरेको छ । प्रतिकुल परिस्थितिमा पनि सम्पत्तिको गुणस्तर कायम राख्दै लक्षित मुनाफा हासिल गर्ने गरी बैंकले कार्य गरिरहेको छ ।

विस्तृत विवरणको लागि बैंकको वार्षिक प्रतिवेदन हेर्नहुन अनुरोध गर्दै बैंकको संक्षिप्त आर्थिक विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

G.P.Rajbahak & Co.
Chartered Accountants

An independent member firm of BKR INTERNATIONAL

INDEPENDENT AUDITOR'S REPORT

TO THE SHAREHOLDERS OF SIDDHARTHA BANK LIMITED

Opinion

We have audited the financial statements of Siddhartha Bank Ltd., which comprise the Statement of Financial Position as at Ashadh 31, 2077 (*July 15, 2020*), and the Statement of Profit or Loss, and Other Comprehensive Income, Statement of Changes in Equity and Statement of Cash Flows for the year then ended, and notes to the financial statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements present fairly, in all material respects, the Financial Position of the Bank as at Ashadh 31, 2077 (*July 15, 2020*), and its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards [NFRS].

Basis for Opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing [NSA]. Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Bank in accordance with the ethical requirements that are relevant to our audit of the financial statements in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

Key Audit Matters

Key audit matters are those matters that, in our professional judgement, were of most significance in our audit of the financial statements of the current period. These matters were addressed in the context of our audit of the financial statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters. We have determined the matters described below to be the key audit matters to be communicated in our report:

S.No.	Key Audit Matters	Auditor's Response
a)	The interest income of the bank has been recognized on accrual basis and following the Interest Income Guidelines 2019 issued by NRB. The Guidelines specify condition for collateral testing in case of the interest overdue for 3-12 months and reversal of accrued interest on overdue for more than 12 months. Furthermore, the guidelines specify conditions for collective impairment of the loan. In case of improper application of the guidelines and determination of the Fair Value of the collateral, it imposes risk on the part of interest income. Thus, we have considered it as key audit matters.	Our audit approach included clear understanding of the Core Banking Software of the bank i.e. how the interest income is daily accrued regarding the loans and advances. Furthermore, we have relied on the engineer's valuation of the collateral for determination of fair value regarding collateral testing. Also, we have test checked the interest income booking with manual computation and we did not find any deviation. Furthermore, we have test checked the haircut regarding collateral fair value as per the NRB Income recognition guidelines.
b)	Investment valuation, identification and impairment: Investment of the bank comprises of investment in government bonds, T-bills, development bonds and investment in quoted and unquoted securities. The valuation of the aforesaid securities has been done in compliance with NFRS 9 and Directive number 8 of NRB Unified Directive 2076. The investment in the government and NRB bonds and T-bills has been done on Amortized cost and rest have been valued through Fair Value through Other Comprehensive Income or Fair Value through Profit and Loss based on the intention of management to hold the asset. The valuation of the investment requires special attention and further in view of the significance of the amount of the investment in the financial statement the same has been considered as Key Audit Matters in our audit.	Our audit approach regarding Investment of the bank is based on the NRB Directive and NFRS issued by the Accounting Standard Board of Nepal. For the investment valuation that are done at amortized cost, we checked the EIR and amortization schedule on test basis. For the investment valued through OCI/PL i.e. for quoted investment, we relied on the Last transaction price in NEPSE as on 15.07.2020. And for the unquoted investment the fair value has been taken as the cost price. Further the income and bonus have been cross verified from Demat statement of the bank wherever applicable.
c)	COVID-19 impact on the bank and NRB circular compliance thereon; On March 11, 2020, the COVID-19 outbreak was declared a global pandemic by the World Health Organization. On 24 March 2020, Nepal Government announced a strict nationwide lock down which continued till 21 July 2020. Due to Lockdown the profitability of the bank was highly impacted and NRB issued various circulars for benefit of the stakeholder and bank. Since the matter imposes created impact on the performance of bank, we have considered this as our key audit matter.	Our audit approach regarding the COVID-19 outbreak and the mitigation approach by the bank is based on the various circular issued by NRB on various date till the date of our review. Provisions such as 10% discount on interest paid till 12 April 2020, 2% rebate on applicable interest as at 12 April 2020 for 4th Quarter, waiver on digital transaction until 15 July 2020 etc. has been verified on sampling basis. Furthermore, the relaxation of the penal charge to the customer during the pandemic period was verified on test basis. Furthermore, due to COVID 19, we have modified our audit approach and most of the credit review has been done remotely from Head Office instead of Branch visit.
d)	Information Technology Since most of the information of the bank is digitally stored and transaction are carried out digitally/electronically in today's scenario, we have considered information technology status of the bank as our key audit areas.	Our audit approach regarding Information technology of the bank is based upon the Information Technology Guidelines 2012 issued by NRB. We verified the interest income and expense booking regarding loan and deposit on test basis with the CBS of the bank. We relied on the IT audit conducted by the bank. We verified the provisioning of the loan and advances based on ageing on the test check basis as on 15.07.2020.

Narayanchaur, Sama Marga, Naxal, Kathmandu, Nepal, t: +977-1- 4415682, 4415823, e: info@gpr.com.np, w: www.gpr.com.np

Responsibilities of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with NAS, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Bank's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Bank or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Bank's financial reporting process.

Auditor's Responsibilities for the Audit of Financial Statements

Our objectives are to obtain reasonable assurance whether the financial statements as a whole are free from material misstatement whether caused due to fraud or error, and to issue auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting.
- Evaluate the overall presentation, structure and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.

Report on Other Legal and Regulatory Requirements

We have determined to communicate following matters in accordance with the requirements of NRB Directives, Companies Act, 2063, BAFIA, 2073 and other regulatory requirements: -

- We have obtained all the information and the explanations, which, to the best of our knowledge and belief, were necessary for the purpose of our audit.
- Based on our audit, proper books of accounts as required by law have been kept by the Bank.
- The Statement of Financial Position, the Statement of Profit or Loss and Other Comprehensive Income, the Cash Flow Statement, and the Statement of Changes in Equity dealt with by this report are in agreement with the books of accounts maintained by the Bank.
- Returns received from the branch offices of the Bank were adequate for the purpose of our audit though the statements are independently not audited.
- The capital fund, risk bearing fund and the provisions for possible impairment of assets of the bank are adequate considering the Directives issued by Nepal Rastra Bank.
- In our opinion and to the best of our information and according to the explanations and from our examination of the books of accounts of the Bank, we have not come across any case where the Board or Directors or any office bearer of the Bank have acted contrary to the provisions of law, or committed any misappropriation or caused any loss or damage to the Bank and violated Directives issued by Nepal Rastra Bank or acted in a manner, as would jeopardize the interest and security of the Bank, its shareholders and its depositors.
- The business of the Bank has been conducted satisfactorily and operated within its jurisdiction and has been functioning as per NRB Directives.

CA. Gopal P. Rajbahak
Senior Partner
G. P. Rajbahak & Co.
Chartered Accountants

UDIN: 201207CA00278ZuXF6

Place: Kathmandu
Date: 07 December 2020

एकीकृत वित्तीय अवस्थाको विवरण
आषाढ मसान्त २०७७

रकम रु. मा

	नोट	समूह		बैंक	
		आषाढ मसान्त २०७७	आषाढ मसान्त २०७६	आषाढ मसान्त २०७७	आषाढ मसान्त २०७६
सम्पत्ति					
नगद तथा नगद समान	४.१	५,९७०,१४४,०७६	८,१९६,४१६,७०६	५,९५९,१८७,६९२	८,१५५,८११,६१७
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने	४.२	९,५०७,९४५,१२२	६,१०५,९७१,३७०	९,५०७,९४५,१२२	६,१०५,९७१,३७०
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	४.३	१,०६७,०७४,१८०	१,०३३,१२०,२१६	१,०६७,०७४,१८०	१,०३३,१२०,२१६
डेरिभेटिभ वित्तीय उपकरण	४.४	११,९७२,८४४,०४७	७,२५४,००७,३१२	११,९७२,८४४,०४७	७,२५४,००७,३१२
अन्य व्यापारिक सम्पत्तिहरु	४.५	२२२,५३६,०४८	११०,७११,३६२	१४७,०२१,२४८	८०,७३१,१३०
बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापट	४.६	४,००४,३५१,९५२	३,२७३,१४५,२३२	४,००४,३५१,९५२	३,२७३,१४५,२३२
ग्राहकलाई दिएको कर्जा तथा सापट	४.७	१२३,५७८,९५१,०४९	१०४,८७७,१००,२८७	१२३,५७२,७२५,४६६	१०४,८७६,२९९,९८९
धितोपत्रमा (securities) लगानी	४.८	२२,७८३,३०५,३१८	१७,७७५,९९७,०५४	२२,५०२,८२९,३१८	१७,४९०,९९७,०५४
चालु कर सम्पत्ति	४.९	२९८,७४९,२९२	१५५,६१४,८८६	२९६,९७३,९६७	१५४,३३७,३१०
सहायक कम्पनीमा लगानी	४.१०	–	–	५१,०००,०००	५१,०००,०००
सम्बद्ध कम्पनीमा लगानी	४.११	–	–	–	–
लगानी सम्पत्ति	४.१२	१३६,६०७,७४५	१२३,३५०,७०४	१३६,६०७,७४५	१२३,३५०,७०४
सम्पत्ति तथा उपकरण	४.१३	१,४३३,३५२,२१७	१,३०३,८४४,८४६	१,४२२,३४०,१३८	१,२७९,३१५,०६९
ख्याती र अमूर्त सम्पत्ति	४.१४	१०२,३१४,९३५	३४,५३७,४३५	१०१,९८५,६७४	३३,९३९,३९०
स्थगन कर सम्पत्ति	४.१५	–	–	–	–
अन्य सम्पत्ति	४.१६	१,७६३,२०५,३९८	१,५२७,८२०,३३१	१,७२५,५६२,६१७	१,४८९,७३८,२६१
कुल सम्पत्ति		**१८२,८४१,३८१,३७७**	**१५१,७७१,६३७,७४२**	**१८२,४६८,४४९,१६५**	**१५१,४०१,७६४,६५४**
		समूह		**बैंक**	
	नोट	**आषाढ मसान्त २०७७**	**आषाढ मसान्त २०७६**	**आषाढ मसान्त २०७७**	**आषाढ मसान्त २०७६**
दायित्व					
बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी	४.१७	६,७५९,२३६,७९८	८,४०४,३२७,७३१	६,७५९,२३६,७९८	८,४०४,३२७,७३१
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	४.१८	२०,०५४,१९५	९८४,०६१,०६५	२०,०५४,१९५	९८४,०६१,०६५
डेरिभेटिभ वित्तीय उपकरण	४.१९	११,८६२,१२८,२२९	७,१२९,१३३,०७९	११,८६२,१२८,२२९	७,१२९,१३३,०७९
ग्राहकको निक्षेप	४.२०	१३९,१७२,३५६,३६८	११४,५५५,८९५,५८३	१३९,६०९,४९७,५४३	११४,९२३,३६७,५३४
तिर्न बाँकी कर्जा सापटी	४.२१	–	–	–	–
चालु कर दायित्व	४.९	–	–	–	–
व्यवस्था	४.२२	–	–	–	–
स्थगन कर दायित्व	४.१५	१५९,५५७,२२८	७०,५३३,१००	१५९,२१५,५४१	७०,३७४,४९०
अन्य दायित्व	४.२३	३,३४०,५८४,६७४	२,२८५,०६०,५४३	२,८८४,४८७,१८४	१,८९३,३८६,५२१
जारी गरिएको ऋणपत्र	४.२४	५,१६२,५५९,०००	२,९६६,०७९,०००	५,१६२,५५९,०००	२,९६६,०७९,०००
सुरक्षण नराखिएको सहायक आवधिक दायित्व	४.२५	–	–	–	–
कुल दायित्व		**१६६,४७६,४७६,४९१**	**१३६,३९५,०९०,१०२**	**१६६,४५७,१७८,४८९**	**१३६,३७०,७२९,४२०**
इक्विटी					
शेयर पूँजी	४.२६	९,७८७,७६७,१४२	८,८८७,६०४,५४०	९,७८७,७६७,१४२	८,८८७,६०४,५४०
शेयर प्रिमियम		–	१२२,०९१,५०५	–	१२२,०९१,५०५
संचित मुनाफा		१,३२७,९८४,०१०	१,८८२,०७२,३१९	१,२४५,९८८,०५२	१,८०१,४००,७४२
जगेडा तथा कोषहरु	४.२७	५,०५०,८८२,९७०	४,२९०,४८८,१९७	४,९७७,५१५,४८१	**४,२१९,९३८,४४७**
शेयर धनीहरुलाई वाँडफाँड योग्य कुल इक्विटी		**१६,१६६,६३४,१२३**	**१५,१८२,२५६,५६१**	**१६,०११,२७०,६७६**	**१५,०३१,०३५,२३३**
गैर नियन्त्रित स्वार्थ		**१९८,२७०,७६४**	**१९४,२९१,०७९**	–	–
कुल इक्विटी		**१६,३६४,९०४,८८६**	**१५,३७६,५४७,६४०**	**१६,०११,२७०,६७६**	**१५,०३१,०३५,२३३**
कुल दायित्व र इक्विटी		**१८२,८४१,३८१,३७७**	**१५१,७७१,६३७,७४२**	**१८२,४६८,४४९,१६५**	**१५१,४०१,७६४,६५४**
संभावित दायित्व तथा प्रतिवद्धता	४.२८	२९,४३४,९६४,९०३	२४,२६०,२७०,३१२	२८,१८७,९११,४०३	२४,२६०,२७०,३१२
प्रति शेयर खुद सम्पत्ति		१६५.१७	१७०.८३	१६३.५८	१६९.१२

एकीकृत नाफा नोक्सान विवरण
१ श्रावण २०७६ देखि ३१ आषाढ २०७७ सम्म

रकम रु. मा

	नोट	समूह		बैंक	
		यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
व्याज आम्दानी	४.२९	१५,४६६,१३३,३२७	१३,००९,२७८,२७९	१५,४३२,१५२,२७३	१२,९७२,५४०,६८०
व्याज खर्च	४.३०	९,८३५,११६,२७४	८,२७७,२७४,८१२	९,८५८,०१४,८९२	८,३०५,२१२,९०२
खुद व्याज आम्दानी		**५,६३१,०१७,०५३**	**४,७३२,००३,४६७**	**५,५७४,१३७,३८१**	**४,६६७,३२७,७७७**
शुल्क तथा कमिशन आम्दानी	४.३१	१,१५०,१६४,०६९	१,१०६,१०९,१५१	१,०७३,८३५,८२९	१,०१६,५४८,२२९
शुल्क तथा कमिशन खर्च	४.३२	१९७,४२२,६९९	१८२,१६५,५५३	१८८,६३१,८८६	१७१,२६१,९२२
खुद शुल्क तथा कमिशन आम्दानी		**९५२,७४१,३७०**	**९२३,९४३,५९८**	**८८५,२०३,९४३**	**८४५,२८६,३०८**
खुद व्याज, शुल्क तथा कमिशन आम्दानी		**६,५८३,७५८,४२३**	**५,६५५,९४७,०६५**	**६,४५९,३४१,३२४**	**५,५१२,६१४,०८५**
खुद व्यापारिक आम्दानी	४.३३	५१२,८८६,९९८	४५६,१३६,७६१	५११,७१८,७३०	४५३,३५५,३८०
अन्य संचालन आम्दानी	४.३४	१६३,७७१,१८०	१२२,४९९,४६६	१६१,५८५,५३३	१२०,१८०,९८५
जम्मा संचालन आम्दानी		**७,२६०,४१६,६०१**	**६,२३४,५८३,२९२**	**७,१३२,६४५,५८७**	**६,०८६,१५०,४५०**
कर्जा तथा अन्य हानीको नोक्सानी व्यवस्था/(फिर्ता)	४.३५	**६८६,४२०,५२७**	**१८८,११६,७९८**	**६८६,४२०,५२७**	**१८८,११६,७९८**
खुद संचालन आम्दानी		**६,५७३,९९६,०७४**	**६,०४६,४६६,४९४**	**६,४४६,२२५,०६०**	**५,८९८,०३३,६५२**
संचालन खर्च					
कर्मचारी खर्च	४.३६	२,१९२,०९९,०६२	१,७२५,७८७,७१५	२,१५६,१८६,७२३	१,६८९,२०२,३१९
अन्य संचालन खर्च	४.३७	९४१,२८३,६२४	८००,२९१,९८४	९२५,४३५,८४४	७८३,७३१,९०४
ह्रासकट्टी र परिषोधन	४.३८	२०१,८८३,८८८	१४९,४१४,१७६	१९६,९५०,४७६	१४१,३९५,२२६
संचालन मुनाफा		**३,२३८,७२९,५००**	**३,३७०,९७२,६१९**	**३,१६७,६५२,०१७**	**३,२८३,७०४,२०३**
गैर संचालन आम्दानी	४.३९	६४४,५०९	१८,१६०,०१८	२०७,०६४	१६,७८६,१००
गैर संचालन नोक्सानी	४.४०	३९,२१८,९७७	१,०२१,६१७	३९,२१८,९७७	१,०२१,६१७
आय कर अधिको मुनाफा		**३,२००,१५५,०३३**	**३,३८८,१११,०२१**	**३,१२८,६४०,१०५**	**३,२९९,४६८,६८७**
आयकर खर्च	४.४१				
चालु कर		१,०१८,८२४,४३२	१,०८५,१७४,६२७	९९७,७१९,६५२	१,०५८,७९७,४५८
स्थगन कर		(१२,५१०,१८५)	(१५,९१८,५९०)	(१२,६९३,२६२)	(१७,०१७,०९३)
यस अवधिको मुनाफा		**२,१९३,८४०,७८६**	**२,३१८,८५४,९८४**	**२,१४३,६१३,७१५**	**२,२५७,६८८,३२२**

नाफा वाँडफाँड					
बैंकको शेयर धनी		२,१६९,२२९,५२२	२,२८८,८८३,३२०	२,१४३,६१३,७१५	२,२५७,६८८,३२२
गैर नियन्त्रित स्वार्थ		२४,६११,२६४	२९,९७१,६६३	–	–
यस अवधिको मुनाफा		**२,१९३,८४०,७८६**	**२,३१८,८५४,९८४**	**२,१४३,६१३,७१५**	**२,२५७,६८८,३२२**

प्रति शेयर आम्दानी					
आधारभुत प्रति शेयर आम्दानी		२२.१६	२३.३९	२१.९०	२३.०७
डाइलुटेड प्रति शेयर आम्दानी		२२.१६	२३.३९	२१.९०	२३.०७

एकीकृत अन्य विस्तृत आम्दानीको विवरण
१ श्रावण २०७६ देखि ३१ आषाढ २०७७ सम्म

रकम रु. मा

	नोट	समुह		बैंक	
		यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
यस वर्षको मुनाफा		२,१९३,८४०,७८६	२,३१८,८५४,९८४	२,१४३,६१३,७१५	२,२५७,६८८,३२२
आयकर पछिको अन्य विस्तृत आम्दानी		२३६,९१३,३९६	(२३५,३२४,५९४)	२३६,९१३,३९६	(२३५,३२४,५९४)
क) नाफा/नोक्सानमा पुन:वर्गिकरण नगरिने बुँदाहरु					
फेयर मूल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएका नाफा/(नोक्सान)		३७२,१९४,०२४	(२५२,०३१,५८२)	३७२,१९४,०२४	(२५२,०३१,५८२)
पुन:मूल्याङ्कनबाट भएका नाफा/(नोक्सान)		–	–	–	–
परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान)		**(३३,७४६,३१५)**	**(८४,१४६,४१०)**	**(३३,७४६,३१५)**	**(८४,१४६,४१०)**
माथि उल्लेख गरिएका बुँदाहरुको आयकर		**(१०१,५३४,३१३)**	**१००,८५३,३९८**	**(१०१,५३४,३१३)**	**१००,८५३,३९८**
नाफा/नोक्सानमा पुन:वर्गिकरण नगरिएका खुद अन्य विस्तृत आम्दानी		२३६,९१३,३९६	(२३५,३२४,५९४)	२३६,९१३,३९६	(२३५,३२४,५९४)
ख) नाफा/नोक्सानमा पुन:वर्गिकरण गरिएका वा गर्न सकिने बुँदाहरु					
नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान)		–	–	–	–
वैदेशिक संचालनको कारण वित्तीय सम्पत्तिको विनिमय परिवर्तन गर्दा हुने सटही नाफा/(नोक्सान)		–	–	–	–
माथि उल्लेख गरिएका बुँदाहरुको आयकर		–	–	–	–
नाफा/नोक्सानमा वर्गिकरण नगरिएका अन्य खुद विस्तृत आम्दानी		–	–	–	–
नाफा/नोक्सानमा पुन:वर्गिकरण गरिएका वा गर्न सकिने खुद अन्य विस्तृत आम्दानी		–	–	–	–
ग) इक्विटी विधिबाट लेखांकन गरिएको सम्बद्ध संस्थाको अन्य विस्तृत आम्दानीमा हिस्सा		–	–	–	–
आयकर पछिको यस वर्षको अन्य विस्तृत आम्दानी		२३६,९१३,३९६	(२३५,३२४,५९४)	२३६,९१३,३९६	(२३५,३२४,५९४)
कुल यस वर्षको विस्तृत आम्दानी		**२,४३०,७५४,१८२**	**२,०८३,५३०,३८९**	**२,३८०,५२७,१११**	**२,०२२,३६३,७२८**
कुल विस्तृत आम्दानीको वाँडफाँड					
बैंकको इक्विटी शेयरधनी		२,४०६,१४२,९१८	२,०५३,५५८,७२६	२,३८०,५२७,१११	२,०२२,३६३,७२८
गैर नियन्त्रित स्वार्थ		२४,६११,२६४	२९,९७१,६६३	–	–
कुल विस्तृत आम्दानी		**२,४३०,७५४,१८२**	**२,०८३,५३०,३८९**	**२,३८०,५२७,१११**	**२,०२२,३६३,७२८**

एकीकृत नगद प्रवाह विवरण
१ श्रावण २०७६ देखि ३१ आषाढ २०७७ सम्म

रकम रु. मा

	समूह		बैंक	
	यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
कारोवार संचालनबाट नगद प्रवाह				
व्याज आम्दानी	१३,३२१,८२७,७२४	१२,२६९,३९६,९३१	१३,३१८,६५७,८४२	१२,२६७,१५७,९४१
शुल्क तथा अन्य आम्दानी	१,१५०,१६४,०७०	१,१०६,१०९,१५०	१,०७३,८३५,८२९	१,०१६,५४८,२२९
लाभांश आम्दानी	१,१२८,८७३	१८२,८६७	१,१२८,८७३	१८२,८६७
अन्य संचालन कारोवारहरुबाट आम्दानी	५९५,७४९,४५०	५१६,७०७,१७०	५९४,५९५,६८३	५१४,८४२,७१२
व्याज खर्च	(९,३३३,८२५,०२४)	(८,०६६,४७१,२७८)	(९,३५६,७२३,६४२)	(८,०९४,४०९,३६८)
कमिशन तथा शुल्क खर्च	(१९७,४२२,६९९)	(१८२,१६५,५५३)	(१८८,६३१,८८६)	(१७१,२६१,९२२)
कर्मचारी खर्च	(१,६७८,४३६,७३४)	(१,२८४,२६०,२२८)	(१,६४२,५२४,३९४)	(१,२४७,६७४,८३२)
अन्य खर्च	(९८०,५०२,६०३)	(८०१,३१३,६०३)	(९६४,६५४,८२१)	(७८४,७५३,५२१)
संचालन सम्पत्ति तथा दायित्वको परिवर्तन अधिको संचालन नगद प्रवाह	**२,८७८,६८३,०५७**	**३,५५८,१८५,४५७**	**२,८३५,६८३,४८५**	**३,५००,६३२,१०५**
संचालन सम्वन्धि चालु सम्पत्तिमा कमि/(बृद्धि)				
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	(३,४०१,९७३,७५२)	६,८२२,२६०,८७३	(३,४०१,९७३,७५२)	६,८२२,२६०,८७३
बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात	(३३,९५३,९६४)	३७५,६४०,११९	(३३,९५३,९६४)	३७५,६४०,११९
अन्य व्यापारिक सम्पत्ति	(११०,६५६,४१८)	(४,६१०,६८९)	(६६,२९०,११८)	५८६,६०९
बैंक तथा वित्तीय संस्थाहरुलाई दिएको कर्जा तथा सापट	(७३१,२०६,७२०)	(४३१,९७८,९२६)	(७३१,२०६,७२०)	(४३१,९७८,९२६)
ग्राहकलाई दिएको कर्जा तथा सापट	(१९,४३६,६७९,७३६)	(२१,८२७,६३४,९२५)	(१९,४३१,२५४,४५३)	(२१,८२८,३२९,२५२)
अन्य सम्पत्ति	(३,७८६,१०३,२६३)	(८,५०७,९२८,६०५)	(३,७८६,५५८,२६९)	(८,५०८,४१३,८६४)
	(२७,५००,५७३,८५३)	**(२३,५७४,२५२,१५२)**	**(२७,४५१,२३७,२७६)**	**(२३,५७०,२३४,४४१)**
संचालन सम्बन्धी चालु दायित्वमा (कमि)/बृद्धि				
बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी	(१,६४५,०९०,९३३)	९५५,८१३,०२०	(१,६४५,०९०,९३३)	९५५,८१३,०२०
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	(९६४,००६,८७०)	२९१,६३४,१४५	(९६४,००६,८७०)	२९१,६३४,१४५
ग्राहकको निक्षेप	२४,६१६,४६०,७८५	२०,३१०,५०५,५९९	२४,६८६,१३०,००९	२०,३४३,७७६,४११
ऋण तथा सापटी	–	–	–	–
अन्य दायित्व	५,३०७,४७६,९३६	६,७३६,७९७,१९०	५,२४२,९७३,५२७	६,७२४,८३६,८०४
आयकर भुक्तानी अघिको कारोवार संचालनबाट खुद नगद प्रवाह	२,६९२,९४९,१२२	८,२७८,६८३,२५८	२,७०४,४५१,९४२	८,२४६,४५८,०४४
आयकर भुक्तानी	(१,१६२,०५४,४९६)	(१,२४०,५९१,६०८)	(१,१४०,३५६,३१०)	(१,२१४,३९९,१०७)
कारोवार संचालनबाट खुद नगद प्रवाह	**१,५३०,८९४,६२५**	**७,०३८,०९१,६५१**	**१,५६४,०९५,६३२**	**७,०३२,०५८,९३७**
लगानी कारोवारबाट नगद प्रवाह				
धितोपत्र लगानी खरिद	(४,६३५,११४,२३९)	(५,८९३,८०४,४०४)	(४,६३९,६३८,२३९)	(५,८९३,८०४,४०४)
धितोपत्र लगानी विक्रिबाट प्राप्ती	–	–	–	–
सम्पत्ति तथा उपकरणहरुको खरिद	(३१५,८१८,८७१)	(३४८,४५७,५२६)	(३२६,०९१,१२४)	(३४५,६२४,१९३)
सम्पत्ति तथा उपकरणहरुको विक्रिवाट प्राप्ती	–	–	–	–
अमूर्त सम्पत्तिको खरिद	(८१,५९७,२६२)	(२६,२८९,१७०)	(८१,५९७,२६२)	(२६,२८९,१७०)
अमूर्त सम्पत्तिको विक्रीबाट प्राप्ती	–	–	–	–
लगानी सम्पत्तिको खरिद	–	–	–	–
लगानी समपत्तिको विक्रीबाट प्राप्ती	–	३१,२८६,८३१	–	३१,२८६,८३१
व्याज आम्दानी	९०९,२००,१०५	६०५,७३६,९१४	८७९,१०५,२५४	५७१,३८४,४४१
लाभांश आम्दानी	७८,२१९,७९०	७७,५०२,७६९	७७,४५३,३२७	७६,९७२,४५४
लगानी कारोवारमा खुद नगद प्रवाह	**(४,०४५,११०,४७८)**	**(५,५५३,७२४,५८५)**	**(४,०९०,७६८,०४५)**	**(५,५८६,०७४,०४०)**
वित्तीय कारोवारबाट नगद प्रवाह				
ऋणपत्र निष्काशनबाट प्राप्ती	२,५००,०००,०००	२,१६२,५५९,०००	२,५००,०००,०००	२,१६२,५५९,०००
ऋणपत्रको भुक्तानी	(३०३,५२०,०००)	(४००,०००,०००)	(३०३,५२०,०००)	(४००,०००,०००)
सुरक्षण नराखिएको सहायक आवधिक दायित्व निष्काशनवाट प्राप्ती	–	–	–	–
सुरक्षण नराखिएको सहायक आवधिक दायित्वको भुक्तानी	–	–	–	–
शेयर निष्काशनबाट प्राप्ती	–	–	–	–
लाभांश खर्च	(१,३८७,२३२,२३०)	(७५०,६९३,८३८)	(१,३४५,१२६,९६६)	(६९०,६९३,८३८)
व्याज खर्च	(५०१,२९१,२५०)	(२१०,८०३,५३४)	(५०१,२९१,२५०)	(२१०,८०३,५३४)
अन्य प्राप्ती र भुक्तानी	(२०,०१३,२९७)	(७,६३८,०२८)	(२०,०१३,२९७)	(७,६३८,०२८)
वित्तीय कारोवारबाट खुद नगद प्रवाह	२८७,९४३,२२३	७९३,४२३,६००	३३०,०४८,४८७	८५३,४२३,६००
नगद प्रवाहमा भएको खुद (कमी)/वृद्धि	**(२,२२६,२७२,६३०)**	**२,२७७,७९०,६६५**	**(२,१९६,६२३,९२६)**	**२,२९९,४०८,४९६**
नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात	८,१९६,४१६,७०६	५,९१८,६२६,०४०	८,१५५,८११,६१७	५,८५६,४०३,१२१
नगद तथा नगद समानमा विनिमय दर परिवर्तनको असर	–	–	–	–
नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात	**५,९७०,१४४,०७६**	**८,१९६,४१६,७०६**	**५,९५९,१८७,६९२**	**८,१५५,८११,६१७**

SiddharthaBank

"A" Class Financial Institution Licenced by Nepal Rastra Bank

Head office: Hattisar, Kathmandu
P.O.Box: 13806 | **Ph:** 01-4442919 / 4442920 / 5970020 | **Fax:** 01-4442921 | **SWIFT:** SIDDNPKA
Email: customercare@sbl.com.np | **Web:** www.siddharthabank.com